वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
— निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी —
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १५३ | २०८३ असोज २० गते मंगलबार, नेपाल सम्वत् ११४६ October 06, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

## जोखिम मोल्दै झोलुङ्गे पुलबाट ट्रान्सफर्मर ल्याएर ६२ घरधुरीमा विद्युत सेवा सुचारु

**भञ्ज्याङ समाचारदाता/तनहुँ**

तनहुँको आँबुखैरेनी गाउँपालिका–६ प्यूघरमा जलेर बिग्रिएको ट्रान्सफर्मर परिवर्तन गरी विद्युत् सेवा पुनः सञ्चालन गरिएको छ। तर, नयाँ ट्रान्सफर्मर सम्बन्धित स्थानसम्म पुऱ्याउन भने स्थानीयवासी र नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले त्रिशूली नदीमाथिको झोलुङ्गे पुलको सहारा लिनुपरेको छ ।

केही दिनअघि प्यूघरमा जडान गरिएको ट्रान्सफर्मर जलेपछि त्यस क्षेत्रको विद्युत् आपूर्ति अवरूद्ध भएको थियो । नेपाल विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रले पुरानो ट्रान्सफर्मर हटाएर नयाँ ट्रान्सफर्मर जडान गरेपछि अहिले विद्युत् सेवा नियमित भएको जनाएको छ ।

भरतपुर वितरण केन्द्रका सूचना अधिकारी विनोद ढकालका अनुसार नयाँ ट्रान्सफर्मर प्यूघर पुऱ्याउन स्थानीयवासीले सहयोग गरेका थिए। त्रिशूली नदीमाथि रहेको झोलुङ्गे पुलबाट ट्रान्सफर्मर मानिसकै सहयोगमा बोकेर नदी पार गराइएको र त्यसपछि सवारीसाधनमार्फत सम्बन्धित स्थानसम्म पुऱ्याएर जडान गरिएको उनले जानकारी दिए ।

ट्रान्सफर्मर परिवर्तन भएपछि प्यूघरका ६२ घरधुरीमा विद्युत् सेवा पुनः सञ्चालन भएको छ । विद्युत् आपूर्ति बन्द हुँदा प्रभावित स्थानीयवासीलाई नयाँ ट्रान्सफर्मर जडानसँगै राहत मिलेको छ ।

तर, ट्रान्सफर्मर पुऱ्याउने क्रममा देखिएको कठिनाइले प्यूघर क्षेत्रमा रहेको पूर्वाधारको समस्या फेरि उजागर गरेको छ । आवश्यक सामग्री ओसारपसारका लागि सहज सडक तथा पक्की पुलको अभावका कारण स्थानीयवासीले अझै पनि झोलुङ्गे पुलबाट मानिसकै भरमा सामग्री बोक्नुपर्ने अवस्था रहेको छ ।

घुमाउनेमा निर्माणाधीन पक्की पुल लामो समयदेखि अलपत्र अवस्थामा रहेकाले सवारीसाधनमार्फत विद्युतीय उपकरण तथा अन्य आवश्यक सामग्री सम्बन्धित स्थानसम्म पुऱ्याउन कठिनाइ हुँदै आएको स्थानीयको भनाइ छ । उक्त पुल निर्माण सम्पन्न भएको भए ठूला तथा अत्यावश्यक सामग्री सवारीसाधनबाटै सहज रूपमा ओसारपसार गर्न सकिने अवस्था हुने स्थानीय बताउँछन् ।

तर पक्की पुल निर्माण पूरा नहुँदा नदी वारपारका लागि पुरानै झोलुङ्गे पुलमा निर्भर हुनुपरेको छ । यसपटक जलेको ट्रान्सफर्मर फेर्न ल्याइएको नयाँ ट्रान्सफर्मरसमेत यही पूर्वाधार अभावका कारण झोलुङ्गे पुलबाट बोकेर नदी पार गराउनुपरेको सूचना अधिकारी ढकालले बताए ।

स्थानीयवासीका अनुसार सडक तथा पुलको अवस्थाका कारण विद्युतका उपकरण मात्र नभई खाद्यान्न, निर्माण सामग्री र दैनिक उपभोग्य वस्तु ओसारपसारमा समेत समस्या हुँदै आएको छ । सामान्य अवस्थामा मानिसले बोकेर सामग्री ओसार्न सकिए पनि आपत्कालीन अवस्थामा आवश्यक पर्ने भारी तथा अत्यावश्यक सामग्री लैजान झनै कठिन हुने गरेको उनीहरूको भनाइ छ ।

प्यूघरमा विद्युत् सेवा पुनः सञ्चालन भए पनि ट्रान्सफर्मर बोकेर झोलुङ्गे पुल पार गराउनुपरेको घटनाले दुर्गम बस्तीमा आधारभूत पूर्वाधारको पहुँच कति कमजोर छ भन्ने देखाएको छ । स्थानीयवासीले घुमाउनेमा अलपत्र रहेको पक्की पुल निर्माण सम्पन्न गरी सडक तथा यातायातको पहुँच सहज बनाउनुपर्ने माग गर्दै आएका छन् ।

विद्युत्, खाद्यान्न तथा अन्य अत्यावश्यक सेवा र सामग्रीको नियमित आपूर्तिका लागि सडक र पुलजस्ता पूर्वाधार अपरिहार्य भए पनि निर्माणाधीन संरचना समयमै सम्पन्न नहुँदा स्थानीयले दैनिक जीवनमै त्यसको प्रत्यक्ष असर भोग्नुपरेको छ । प्यूघरमा ट्रान्सफर्मर परिवर्तनको क्रममा देखिएको समस्या यस क्षेत्रको दीर्घकालीन पूर्वाधार सुधारको आवश्यकताको अर्को उदाहरण बनेको छ ।



घुमाउनेस्थित त्रिशुली नदी माथिको झोलुङ्गे पुलबाट जोखिम मोल्दै आँवुखैरेनी–६ प्युघरतर्फ विद्युत ट्रान्सफर्मर बोकेर लगिदै ।
*तस्विर : भञ्ज्याङ*

## व्यासमा प्लास्टिकका कृत्रिम फूलगुच्छा प्रयोग गर्न नपाइने

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको व्यास नगरपालिकाले नगर क्षेत्रभित्र प्लास्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामग्रीको बिक्री–वितरण, भण्डारण र प्रयोग नगर्न आग्रह गरेको छ । वातावरण संरक्षण तथा प्रचलित कानुनको कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले नगरपालिकाले यस्तो आग्रह गरेको हो ।

नगरपालिकाले सोमबार सार्वजनिक सूचना जारी गर्दै नेपाल सरकारको निर्णय तथा प्रचलित कानुनबमोजिम प्लास्टिकजन्य कृत्रिम फूलगुच्छा तथा सजावटी सामग्रीको उत्पादन, आयात, बिक्री–वितरण, भण्डारण र प्रयोगमा रोक लगाइएको जनाएको छ। सोही व्यवस्थाको कार्यान्वयनका लागि नगर क्षेत्रका व्यवसायी, संघसंस्था तथा सर्वसाधारणलाई प्रतिबन्धित सामग्रीको कारोबार र प्रयोग नगर्न नगरपालिकाले सचेत गराएको हो।

यस्तै, नगरपालिकाले बजार तथा व्यावसायिक क्षेत्रमा अनुगमनलाई तीव्रता दिने जनाएको छ। अनुगमनका क्रममा कानुनविपरीत प्रतिबन्धित सामग्रीको कारोबार, भण्डारण वा प्रयोग गरेको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरिने नगरपालिकाले स्पष्ट पारेको छ ।

विशेषगरी चाडपर्व, उत्सव, सभा–समारोह तथा विभिन्न औपचारिक कार्यक्रममा सजावट र शुभकामना आदानप्रदानका लागि कृत्रिम फूलगुच्छा तथा प्लास्टिकजन्य सजावटी सामग्रीको प्रयोग हुने गरेको भन्दै नगरपालिकाले यसको विकल्पमा प्राकृतिक फूल तथा वातावरणमैत्री सामग्री प्रयोग गर्न आग्रह गरेको छ ।

प्लास्टिकजन्य सामग्रीको प्रयोग बढ्दै जाँदा वातावरणीय प्रदूषण तथा फोहोर व्यवस्थापनमा चुनौती थपिँदै गएको अवस्थामा स्थानीय तहबाट प्रतिबन्धित सामग्रीको प्रयोग नियन्त्रण गर्न थालिएको नगरपालिकाले जनाएको छ । प्राकृतिक फूल तथा स्थानीयस्तरमा उपलब्ध वातावरणमैत्री सामग्रीको प्रयोगले वातावरण संरक्षणसँगै स्थानीय उत्पादनको प्रवर्द्धनमा समेत सहयोग पुग्ने नगरपालिकाको भनाइ छ ।

नगरपालिकाले नगरवासी, व्यवसायी, संघसंस्था तथा सम्बन्धित सबै पक्षलाई कानुनी व्यवस्थाको पालना गर्दै वातावरण संरक्षण अभियानमा सहयोग गर्न अनुरोध गरेको छ ।

## राम्जाकोटमा आँखा परीक्षण, ३० जनालाई मोतियाविन्दुको शल्यक्रियाका लागि सिफारिस

**भञ्ज्याङ समाचारदाता/ऋषिङ**

तनहुँको ऋषिङ गाउँपालिकाको स्थित राम्जाकोट स्वास्थ्य चौकीमा सञ्चालन गरिएको निःशुल्क मोतियाबिन्दु तथा आँखा उपचार शिविरमा १५० जनाले सेवा लिएका छन् । शिविरमा आँखा परीक्षण गरिएका मध्ये मोतियाबिन्दुको शल्यक्रिया आवश्यक देखिएका ३० जनालाई थप उपचार तथा शल्यक्रियाका लागि सिफारिस गरिएको छ ।

राम्जाकोट स्वास्थ्य चौकी र ऋषिङ गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गरिएको शिविरमा स्थानीयवासीको उत्साहजनक सहभागिता रहेको स्वास्थ्य चौकीले जनाएको छ । ग्रामीण क्षेत्रमा विशेषज्ञ आँखा सेवा सहज रूपमा उपलब्ध नहुने अवस्थामा स्थानीय तहमै निःशुल्क शिविर सञ्चालन भएपछि ठूलो संख्यामा स्थानीयवासी सेवा लिन पुगेका हुन् ।

शिविरमा सहभागी १५० जनाको आँखा परीक्षण तथा स्वास्थ्य अवस्थाबारे आवश्यक जाँच गरिएको थियो । परीक्षणका क्रममा मोतियाबिन्दु देखिएका ३० जनालाई शल्यक्रियाका लागि सिफारिस गरिएको स्वास्थ्य शाखाले जनाएको छ ।

मोतियाबिन्दुका अतिरिक्त शिविरमा सहभागीको अवस्था र




बाँकी तेश्रो पेजमा

## मध्यनेपालमा विषादीको मनपरीमाथि नगरपालिका कडा

**भञ्ज्याङ समाचारदाता/लमजुङ**

खेतबारीमा उत्पादन बढाउने नाममा रासायनिक विषादीको जथाभावी प्रयोग बढ्दै गएपछि लमजुङको मध्यनेपाल नगरपालिकाले विषादीको कारोबारदेखि प्रयोगसम्म कडाइ गर्ने चेतावनी दिएको छ । नगरपालिकाले प्रतिबन्धित, सूचीकृत नभएका तथा दर्ता नगरिएका विषादीको ओसारपसार, ढुवानी, बिक्रीवितरण र प्रयोग नगर्न स्पष्ट निर्देशन दिएको हो ।

नगरपालिकाको कृषि शाखाले सार्वजनिक सूचना जारी गर्दै विषादीको अनधिकृत तथा असुरक्षित प्रयोगले किसानको स्वास्थ्यमा मात्र नभई उपभोक्ता, पशुपन्छी, मौरी, माटो, लाभदायक जीव तथा वातावरणमै गम्भीर असर पार्न सक्ने जनाएको छ । विषादीको तत्कालीन प्रभावभन्दा दीर्घकालीन असर अझ गम्भीर हुनसक्ने भन्दै नगरपालिकाले यसको प्रयोगमा सावधानी अपनाउन आग्रह गरेको छ ।

नगरपालिकाले अब विषादी प्रयोग गर्ने किसान मात्र होइन, विषादी बेच्ने व्यवसायी, आपूर्तिकर्ता, फर्म तथा अनुमति लिएर कारोबार गरिरहेका पक्षसमेत निगरानीको दायरामा आउने स्पष्ट पारेको छ। अनुमति नलिई विषादीको कारोबार वा प्रयोग गरेको पाइए कारबाही गरिने र अनुमति प्राप्त पक्षले समेत तोकिएको मापदण्डविपरीत असुरक्षित तथा असन्तुलित ढंगले विषादी प्रयोग गरे कानुनी कारबाही हुने नगरपालिकाले जनाएको छ।

विषादीको कारोबार र प्रयोगलाई सामान्य कृषि गतिविधिका रूपमा मात्र नलिई कानुनले नियमन गरेको विषयका रूपमा अघि बढाउने नगरपालिकाको चेतावनी छ। जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६, जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ तथा गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१ लगायत प्रचलित कानुनअनुसार कारबाही गरिने नगरपालिकाले जनाएको छ।

### 'बाली जोगाउने' नाममा स्वास्थ्य जोखिम

कृषिमा रोग तथा किराको प्रकोप नियन्त्रण गर्न विषादी प्रयोग आवश्यक पर्ने अवस्था भए पनि मात्रा, समय, विधि र विषादीको छनोटमा सावधानी नअपनाउँदा त्यसको असर खेतबारीभन्दा धेरै टाढासम्म पुग्न सक्छ । विषादीको अवशेष खाद्यवस्तुमा रहन सक्ने, माटोमा रहेका उपयोगी जीव प्रभावित हुन सक्ने तथा पानी र वातावरणमा समेत असर पर्न सक्ने भएकाले यसको प्रयोगलाई नियन्त्रण गर्नुपर्ने नगरपालिकाको भनाइ छ ।

विशेषगरी कृषि उत्पादनमा तत्काल परिणाम देखाउने उद्देश्यले आवश्यकता भन्दा बढी विषादी प्रयोग गर्ने प्रवृत्तिले किसान स्वयंलाई जोखिममा पार्न सक्ने देखिन्छ । विषादी छर्कदा आवश्यक सुरक्षा सामग्री प्रयोग नगर्ने, हावाको दिशाको ख्याल नगर्ने, तोकिएको मात्रा नमान्ने तथा छर्किएको बालीमा सुरक्षित अवधि पूरा नहुँदै उत्पादन बजारमा पठाउनेजस्ता गतिविधिले उपभोक्ताको स्वास्थ्यमा समेत असर पार्न सक्छ ।

नगरपालिकाले यस्ता गतिविधि रोक्न किसानलाई रासायनिक विषादीको निर्भरता घटाएर जैविक, वनस्पतिक तथा घरेलु व्यवस्थापन

बाँकी अन्तिम पेजमा

# सम्पादकीय ............

www.bhanjyangnews.com

## व्यवसायिक पशुपालन

कृषि प्रधान देश नेपालमा पशुपालन पेशा परम्परागत रूपमा पुरातन समयदेखि नै अस्तित्वमा छ। कृषिको आधारभूत अंग मानिने पशुपालनले दुध, मासु, अण्डा लगायतका उत्पादन मार्फत खाद्य सुरक्षा सुनिश्चित गर्ने मात्र होइन, कृषकको आय–आर्जनमा समेत ठुलो योगदान पुर्‍याउँछ। तर, पछिल्ला वर्षहरूमा देखिएको तथ्याङ्कले भने परम्परागत स्वरूपमा मात्र निर्भर रहेर पशुपालन व्यवसायले कृषकलाई दीर्घकालीन लाभ दिन सक्ने अवस्था नरहेको प्रष्ट पारेको छ । पशुपालनका लागि आधारभूत आवश्यकता भनेको आहार हो। दाना, पराल र हरियो घाँसको अभावले गर्दा धेरै कृषक आज पनि ठूलो समस्या व्यहोर्न बाध्य छन्। अझ विडम्बना त के छ भने, पर्याप्त जमिन हुँदाहुँदै पनि दाना र पराल आयात गर्नुपर्ने अवस्था सिर्जना भएको छ। यसै पृष्ठभूमिमा तनहुँको भिमाद नगरपालिकाले घाँसमा आधारित व्यवसायिक पशुपालन कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाएको छ । नगरपालिकाले बाँझो जमिनलाई उपयोगमा ल्याउँदै घाँस खेतीलाई प्राथमिकतामा राख्ने नीति लिएको छ । अहिलेको समयमा खेतीयोग्य जमिन बाँझिने क्रम बढ्दो छ। कृषकले आधुनिक प्रविधि, वाणिज्यिक सोच र बजारमैत्री योजनाको कमीका कारण आफ्नो जमिन खाली राख्ने प्रवृत्ति बढेको हो। तर, पशुपालनका लागि अत्यावश्यक घाँस खेतीलाई बाँझो जमिनसँग जोड्ने नगरपालिकाको यो पहल व्यवहारिक मात्र नभई दीर्घकालीन दृष्टिले पनि अर्थपूर्ण देखिन्छ । यो नीतिलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सकियो भने पशुपालक कृषकले आहारमा निर्भरता घटाउँदै उत्पादन लागत न्यून गर्न सक्नेछन् । अझ महत्त्वपूर्ण कुरा भनेको यसले कृषकलाई 'कम लागत, उच्च प्रतिफल' को बाटोमा हिँडाउन सहयोग गर्नेछ। उत्पादन बढेसँगै किसानले थप आम्दानी गर्नेछन् भने स्थानीय बजारमा पशुजन्य वस्तुको आपूर्ति स्थिर हुने अपेक्षा गर्न सकिन्छ । यस्तो खालको कार्यक्रम कृषि–पशुपालनसँग मात्र सीमित हुँदैन । यसले बाँझो भूमिलाई उपयोगमा ल्याएर भूमिको उत्पादन क्षमता बढाउनेछ । नेपालमा दिनानुदिन बढ्दै गएको बाँझो जमिनको समस्या समाधान गर्न यो एउटा व्यवहारिक उपाय बन्न सक्छ। वास्तवमै, भूमि बैंकसम्बन्धी कानुनी व्यवस्थालाई समेत यससँग जोडेर अगाडि बढाउन सके अझ प्रभावकारी हुने देखिन्छ ।

भिमाद नगरपालिकाले ल्याएका अरु पहलहरु पनि प्रशंसनीय छन्। उदाहरणका लागि, नगरको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ लाई समयानुकूल सुधार गर्दै यसको नियमावली तर्जुमा गर्ने योजना स्थानीय सरकारको प्रगतिशील सोचलाई देखाउँछ। पशुजन्य पदार्थको उत्पादन, बिक्री–वितरण र निकासीलाई व्यवस्थित बनाउन पशु सेवा तथा स्वास्थ्य ऐन ल्याउने नीति पनि स्वागतयोग्य छ। यसले उत्पादन प्रणालीलाई वैज्ञानिक र स्वस्थ बनाउँदै कृषकको श्रम र पसिनाको उचित मूल्यांकन हुने वातावरण सिर्जना गर्नेछ । नेपालमा अझैसम्म कृषिजन्य उत्पादनको मूल्य निर्धारण पारदर्शी छैन। कृषकले उत्पादन गर्दा लागतको हिसाबले घाटा व्यहोर्नुपर्ने अवस्था छ भने उपभोक्ताले महँगो मूल्य तिर्नुपर्छ। यस्तो विसंगति अन्त्य गर्न भिमाद नगरपालिकाले मूल्य श्रृंखलाको आधारमा न्यूनतम समर्थन मूल्य तोक्ने योजना अत्यन्त महत्त्वपूर्ण छ । यसले किसानलाई प्रोत्साहन दिने मात्र होइन, उपभोक्ताले पनि न्यायोचित मूल्यमा उपज पाउनेछन् । यससँगै 'स्टार्टअप भिमाद कृषि परियोजना'को सुरूवातले लोप हुँदै गएका रैथाने बाली र पशु प्रजातिको संरक्षणमा योगदान दिनेछ । रैथाने बाली कोदो तथा खरिजातका बाख्राजस्ता स्रोतहरु हाम्रो सांस्कृतिक र जैविक सम्पदा हुन् । यसको संरक्षणले स्थानीय पहिचान जोगाउने मात्र होइन, बजारमैत्री उत्पादनमार्फत आयआर्जनको नयाँ सम्भावना पनि खोल्नेछ । नगरपालिकाले किसान आफैले उत्पादन गरेको उपज प्रत्यक्ष बिक्री गर्ने वातावरण तयार पार्ने योजना पनि लिएको छ । संकलन केन्द्र, हाट बजार र शीतभण्डारको व्यवस्था किसानलाई बजारसम्म सजिलै पुग्ने पुल हुनेछ। यसले बिचौलियाको प्रभुत्व घटाई कृषकले प्रत्यक्ष लाभ लिन सक्नेछन्। कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउनका लागि यस्ता पूर्वाधार निर्माण दीर्घकालीन लगानी हुन्, जसलाई अविलम्ब कार्यान्वयन गर्न आवश्यक छ।

त्यस्तै, सिँचाइ, भण्डारण गृह, बजार जस्ता पूर्वाधार विकासमा निजी क्षेत्र, सहकारी र गैरसरकारी निकायसँग सहकार्य गर्ने नीति सशक्त कदम हो। स्थानीय सरकार एक्लैले कृषिको सम्पूर्ण चुनौती समाधान गर्न सक्दैन । विभिन्न साझेदारसँगको सहकार्यले मात्र यस क्षेत्रमा रूपान्तरण सम्भव छ । यसो भन्दैमा कार्यान्वयनका चुनौतीबारे पनि मौन रहन सकिँदैन। नीति निर्माण गर्ने मात्र होइन, त्यसलाई व्यवहारमै उतार्ने जटिल काम छ। घाँस खेती वा स्टार्टअप कृषि परियोजना जस्ता योजनामा बजेट, प्राविधिक जनशक्ति र दीर्घकालीन अनुगमनको सुनिश्चितता जरूरी हुन्छ । किसानलाई प्रशिक्षण, वित्तीय पहुँच र बजार जडानमा सहजीकरण नगरेसम्म यस्ता कार्यक्रमले अपेक्षित परिणाम दिन सक्दैनन् । तर, चुनौतीका बाबजुद पनि भिमाद नगरपालिकाले देखाएको दृष्टि स्पष्ट छ– कृषि र पशुपालनलाई आत्मनिर्भर, दिगो र व्यवसायिक बनाउने। नेपालको ग्रामीण विकासको मेरूदण्ड मानिने यी क्षेत्रलाई अघि बढाउन यस प्रकारका योजनाले मार्गदर्शन गर्नेछन्। हामीले बुझ्नुपर्ने कुरा के हो भने, कृषि र पशुपालनको बलियो आधार बिना आर्थिक समृद्धि सम्भव छैन। यसलाई आत्मनिर्भर बनाउनका लागि स्थानीय सरकार, निजी क्षेत्र, सहकारी र स्वयं किसान सबैको साझा जिम्मेवारी हुन्छ। भिमाद नगरपालिकाले गरेको प्रयास अन्य स्थानीय तहका लागि पनि अनुकरणीय बन्न सक्नेछ। यसैले, घाँसमा आधारित व्यवसायिक पशुपालन मात्र एक कृषि नीति होइन, यो किसानलाई आत्मनिर्भर, भूमिलाई उत्पादनशील र बजारलाई स्थिर बनाउने दीर्घकालीन दृष्टिकोण हो। यो दृष्टिकोणलाई सफल बनाउन राजनीतिक इच्छाशक्ति, प्राविधिक दक्षता र कृषकप्रति उत्तरदायित्व आवश्यक छ। यदि नगरपालिकाले प्रस्तुत योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्यो भने भिमाद मात्र होइन, समग्र तनहुँ र गण्डकी प्रदेश नै कृषिजन्य आत्मनिर्भरता र ग्रामीण समृद्धितर्फ अघि बढ्नेछ भन्नेमा शंका छैन।

# पहाडकी रानी बन्दीपुर : एक प्रसंग, अनेक पहिचान

## 'इतिहास, संस्कृति, व्यापार, प्रशासन र पर्यटनको लामो यात्राले बनेको बन्दीपुरको पहाडकी रानी पहिचान कुनै एक व्यक्तिको योगदान होइन'




**विषय प्रवेश**

बन्दीपुर एफएमबाट 'पहाडकी रानी बन्दीपुर' विषयमा कुराकानीका लागि मित्र बाबुराम खनालले समय माग्नुभयो । त्यही समयमा प्रकाशनको तयारीमा रहेको 'पहाडकी रानी' पुस्तकका लेखक डिल्लीराम मिश्रसँग पनि बन्दीपुरका यस्तै विषयमा घनीभूत छलफल भइरहेको थियो। बन्दीपुरबारे उहाँले गर्नुभएको गहिरो अध्ययनको तुलनामा मेरो अध्ययन सीमित भए पनि देखे–बुझेका र विभिन्न स्रोतबाट जानकारी पाएका विषयलाई समेटेर अन्तर्वार्ताकारका जिज्ञासा मेटाउन सकिन्छ भन्ने आत्मविश्वास बढ्यो ।

अन्तर्वार्तामा सहभागी पनि भएँ । आफूले जाने–बुझेका केही विषय प्रस्तुत गरियो। तर अन्तर्वार्तापछि केही महत्वपूर्ण प्रसङ्ग छुटेको महसुस भयो । अन्तर्वार्तामार्फत छुटेका सबै कुरा समेट्न समय र परिस्थिति अनुकूल नहुन सक्छ । त्यसैले छुटेका प्रसङ्गलाई यही लेखमार्फत अभिलेखीकरण गर्ने प्रयास गरेको हुँ ।

गण्डकी प्रदेशको तनहुँ जिल्लामा पर्ने बन्दीपुर आज 'पहाडकी रानी'का नामले देश–विदेशमा परिचित पर्यटकीय नगरी हो । कुनै समय तनहुँका सेन राजाहरूको मुकाम तथा दरबार, पश्चिम ३ नम्बरअन्तर्गत तनहुँ, लमजुङ, मनाङ र कास्कीसमेतको प्रशासनिक केन्द्र, पछि तनहुँ जिल्लाको सदरमुकाम बनेको बन्दीपुर इतिहासका अनेक मोड पार गर्दै आज पर्यटनको महत्वपूर्ण गन्तव्य बनेको छ ।

तर बन्दीपुरको यो पहिचान एकै दिनमा बनेको होइन । यसका पछाडि राजा, शासक, सैनिक, कारीगर, व्यापारी, नेवार, मगर, ब्राह्मण, क्षेत्री, समाजसेवी, प्रवासी बन्दीपुरे र पछिल्लो समय पर्यटन प्रवर्द्धनमा जुटेका व्यक्ति तथा संस्थाको लामो योगदान जोडिएको छ । त्यसैले 'बन्दीपुरलाई पहाडकी रानी बनाउने को हुन् ?' भन्ने प्रश्नको उत्तर खोज्नु पनि बन्दीपुरको इतिहास बुझ्ने महत्वपूर्ण आधार हो ।

**मुकुन्द सेनदेखि बन्दे कामीसम्म**

बन्दीपुरलाई ऐतिहासिक रूपमा चिनाउने पहिलो महत्वपूर्ण व्यक्तित्व पाल्पाका राजा मणिमुकुन्द सेनलाई मान्न सकिन्छ। विशाल पाल्पा राज्य विस्तार तथा काठमाडौं उपत्यकातर्फको सैन्य अभियानका क्रममा उनले बन्दीपुर आसपासका क्षेत्रलाई मुकामका रूपमा प्रयोग गरेको इतिहाससँग जोडिएका प्रसङ्ग पाइन्छन् ।

कुलुङकोटमा मुकाम दरबार र मुच्चोकको शिखरमा सैनिक गढी बनाएर बसेका मणिमुकुन्द सेनले बन्दीपुरको प्राकृतिक सौन्दर्य र रणनीतिक महत्व पहिचान गरेको मानिन्छ । अहिलेको टुँडिखेलबाट उत्तरतर्फ हेर्दा देखिने धवलागिरि, अन्नपूर्ण, लमजुङ, मनास्लु र बुद्ध हिमालको अनुपम दृश्यले पनि त्यतिबेला यहाँको भौगोलिक महत्व आकर्षित गरेको हुनुपर्छ ।

मुच्चोकको शिखरमा अहिले पनि पुराना इनार, निवासका भग्नावशेष, सत्तलपाटी र सैनिक टुँडिखेलका अवशेष रहेको बताइन्छ । मणिमुकुन्द सेनका छोरा भृङ्गी सेनले पिताको सम्झनामा मुच्चोकमा मुकुन्देश्वरी मन्दिर निर्माण गरी खड्गको पूजा सुरू गरेको परम्परा पनि बन्दीपुरको इतिहाससँग जोडिएको छ । स्थानीय तह, प्रदेश सरकार र स्थानीय बासिन्दाको पहलमा जीर्ण मन्दिर पुनर्निर्माण हुनु पनि संरक्षणका दृष्टिले महत्वपूर्ण काम हो ।

जीवनको उत्तरार्धमा योगीको भेष धारण गरेका मणिमुकुन्द सेनसँग जोडिएका अनेक किंवदन्ती बन्दीपुरमा प्रचलित छन्। पार्चेमा मणि स्थापना, महादेवस्थानमा मुकुन्देश्वर महादेवको स्थापना र देवघाटमा तपस्या गरेको प्रसङ्ग स्थानीय इतिहास र जनश्रुतिमा पाइन्छ ।

त्यस्तै बन्दीपुरको पहिचानमा अर्को महत्वपूर्ण नाम हो– बन्दे कामी । बन्दीपुर पहिले 'बन्देथोक'का रूपमा चिनिन्थ्यो भन्ने मान्यता छ। मगर भाषामा 'थोक'ले गाउँलाई जनाउने र बन्दे कामीले आफ्नै आरान राखेर काम गरेको स्थान 'बन्देथोक' हुँदै पछि बन्दीपुर नाम प्रचलनमा आएको भनाइ छ ।

तनहुँसुरका राजा हरकुमारदत्त सेनको समयतिर गोरखासँगको युद्धका लागि आवश्यक हतियार निर्माणको जिम्मेवारी बन्दे कामीले पाएको प्रसङ्ग पनि महत्वपूर्ण छ । उनले निर्माण गरेका तरवार र पछि तोप निर्माणमा देखाएको सीपले उनलाई नेपालकै प्रारम्भिक हतियार विशेषज्ञका रूपमा सम्झने आधार दिएको छ ।

बन्दे कामीको योगदानलाई केवल स्थानीय इतिहासका रूपमा सीमित गर्नु हुँदैन । बन्दीपुरको पहिचान निर्माणमा उनको योगदानको खोज, अभिलेखीकरण र सम्मान आवश्यक छ । बन्दीपुरमा मणिमुकुन्द सेन र बन्दे कामीको योगदानलाई स्मरण गराउने सालिक वा स्मारक निर्माण गर्न सके यसले ऐतिहासिक पर्यटनलाई समेत नयाँ आयाम दिन सक्छ।

**भक्तपुरे नेवार र बन्दीपुरको व्यापारिक उन्नति**

बन्दीपुरलाई गाउँबाट विकसित व्यापारिक केन्द्रका रूपमा रूपान्तरण गर्ने श्रेय भक्तपुरबाट आएका नेवार समुदायलाई पनि जान्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानका क्रममा भक्तपुरमाथि भएको आक्रमणपछि त्यहाँबाट विस्थापित भएको एउटा समूह तनहुँको तार्कुघाट हुँदै बन्दीपुर पुगेको इतिहासमा उल्लेख पाइन्छ ।

भारत र तिब्बतबीचको व्यापारिक मार्गको मध्यविन्दुमा रहेको बन्दीपुरको भौगोलिक अवस्थिति उनीहरूका लागि आकर्षक बन्यो । बन्देथोकका मगर तथा कामी समुदायसँग जग्गा खरिद गरी व्यापारिक गतिविधि विस्तार गर्दै नेवार समुदायले बन्दीपुरलाई व्यवस्थित बजारका रूपमा विकास गरे ।

प्रधान, पिया, जोशी, श्रेष्ठलगायतका परिवारको योगदानले बन्दीपुरको व्यापारिक गतिविधि विस्तार भयो । भारतको पटना हुँदै बेलायतको लन्डनसम्म व्यापारिक सम्बन्ध विस्तार भएको बन्दीपुरको इतिहासले यहाँको आर्थिक उन्नतिको कथा सुनाउँछ । पश्चिमतर्फ तनहुँ, लमजुङ, गोरखा, मनाङ, धादिङ, कास्की, पर्वत र बागलुङसम्म बन्दीपुरबाट सामान पुग्ने गर्दथ्यो ।

यही व्यापारिक समृद्धिले बन्दीपुरमा

बाँकी तेश्रो पेजमा

## तपाईको आज

| मेष | वृष | मिथुन |
| --- | --- | --- |
| प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। समय लागे पनि तारिफयोग्य कामले अरूको उपकार गर्न सकिनेछ। | प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ। | अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। |

| कर्कट | सिंह | कन्या |
| --- | --- | --- |
| साझेदारीमा देखिएका समस्या सुल्झाउन सकिनेछ। साथीभाइ र सहयोगीहरूले साथ दिनेछन्। | अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। नयाँ काम गर्ने अवसर प्राप्त हुनेछ। सामाजिक दायित्व बढ्नेछ। | घरेलु प्रयोजनका विशेष सामान जुटाउन सकिनेछ। पशुधन र कृषि–व्यवसायतर्फ मनग्य लाभ हुनेछ। |

| तुला | वृश्चिक | धनु |
| --- | --- | --- |
| परिस्थितिवश चिताएको काम रोकिन सक्छ। आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। | अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ। छोटो समयमा फाइदा लिन सकिनेछ। | व्यवसायका लागि सम्भावना खोजी गर्ने समय छ। तर, मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न बाधा पर्नेछ। |

| मकर | कुम्भ | मीन |
| --- | --- | --- |
| मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। | रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। | यात्रा र आतिथ्य खर्चिलो बन्नेछ। वचन पूरा गर्न नसक्दा घर–व्यवहारमा पनि समस्या आउन सक्छ। |

# पहाडकी रानी बन्दीपुर : .......

कलात्मक घर, ढुंगाले छापिएका बाटा, पाटीपौवा, मन्दिर र बजार संस्कृतिको विकास भयो । आज पर्यटकले देख्ने पुरानो बन्दीपुरको वास्तुकला त्यही व्यापारिक समृद्धिको जीवन्त प्रमाण हो ।

**प्रशासनिक केन्द्रदेखि 'मृत शहर'सम्म**

बन्दीपुर तनहुँसुरे सेन राजाहरूको समयदेखि नै महत्वपूर्ण प्रशासनिक केन्द्रका रूपमा विकसित हुँदै आएको थियो । वि.सं. १८४१ मा तनहुँ राज्य नेपालमा विलय भएपछि प्रशासनिक संरचना क्रमशः तनहुँसुरबाट बन्दीपुरतर्फ सर्दै गयो। पश्चिम ३ नम्बरअन्तर्गत तनहुँ, लमजुङ, मनाङ र कास्कीसमेतको प्रशासनिक गतिविधि बन्दीपुरसँग जोडियो। बन्दीपुरमा गोश्वारा तथा प्रशासनिक कार्यालयहरु सञ्चालनमा आए । वि.सं. १९५२ देखि २०२५ सालसम्म बन्दीपुर तनहुँ जिल्लाको सदरमुकाम रह्यो।

तर २०२५ सालमा सदरमुकाम दमौली सारिएपछि बन्दीपुरको आर्थिक तथा प्रशासनिक जीवनमा ठूलो धक्का लाग्यो। अधिकांश सरकारी कार्यालय दमौली सरे। बजार सुनसान हुँदै गयो । मानिसहरु अन्यत्र बसाइँ सर्न थाले। कहिलेकाहीँ बन्दीपुरलाई 'मृत शहर'समेत भन्न थालियो। सदरमुकाम सार्ने निर्णय र त्यसको कार्यान्वयनसँग जोडिएका राजनीतिक तथा प्रशासनिक व्यक्तित्वको भूमिका इतिहासको अलग अध्ययनको विषय हो । तर यस घटनाले बन्दीपुरको पुरानो आर्थिक संरचनामा पारेको प्रभाव भने अस्वीकार गर्न सकिँदैन।

**सम्पदाले जोगाएको बन्दीपुर**

बन्दीपुरको पुनर्जागरणको मूल आधार यहाँका मूर्त र अमूर्त सम्पदा हुन। भक्तपुरे शैलीका पुराना घर, कलात्मक आँखीझ्याल, ढोका, टुँडाल, ढुंगाले छापिएको बाटो र परम्परागत बजार संरचना बन्दीपुरको मौलिक पहिचान बने।

खड्गदेवी मन्दिर, भीमसेन मन्दिर, तीनधारे महादेव, तीनधाराको कलात्मक ढुंगेधारा, थानीमाई, लक्ष्मीमन्दिर, टुँडिखेल र हात्तीढुंगाजस्ता सम्पदा बन्दीपुरको आकर्षण हुन् । टुँडिखेलबाट देखिने हिमश्रृंखला र मर्स्याङ्दी उपत्यकाको दृश्यले प्राकृतिक पर्यटनलाई थप बल दिएको छ ।

त्यति मात्र होइन, बन्दीपुरका मगर समुदायको कौरा, घाँटु, मारुनी, झ्याउरे, देउसी–भैलो; ब्राह्मण–क्षेत्री समुदायका भजन, चुड्का तथा नेवार समुदायका लाखे, टाकटुके, इन्द्रजात्रा, बाघजात्रा, रोपाइँजात्रा र शास्त्रीय नाचजस्ता अमूर्त सम्पदा पनि बन्दीपुरको मौलिक सांस्कृतिक पूँजी हुन् ।

वि.सं. २०१५/सन १९५८ तिर अजयकुमार रायमाझीले अमेरिकी पर्यटकलाई बन्दीपुर ल्याएको प्रसङ्ग पनि यहाँको पर्यटन इतिहासमा महत्वपूर्ण मानिन्छ । बन्दीपुरको सफा, चिटिक्क परेको बजार र स्लेट ढुंगाले छापिएको बाटोबाट प्रभावित पर्यटकले विदेश पुगेर यसको प्रचार गरेपछि बन्दीपुर अन्तर्राष्ट्रिय पर्यटकको नजरमा पर्न थालेको भनाइ छ ।

तर विकाससँगै चुनौती पनि आयो । घरदैलोमा मोटरबाटो पुर्‍याउने चाहनाले पुरानो संरचना र मौलिकता संकटमा पर्न थाले। यही समयमा तुलसी प्रधान लगायतका व्यक्तिले बन्दीपुरको केन्द्र बजारमा मोटर रोक्ने र पुरानो स्लेट ढुंगाको बाटो जोगाउने अवधारणा अघि सारे । इन्जिनियर बलराम प्रधान, ईश्वरगोपाल प्रधान र मथुरा प्रधानलगायतले पनि त्यस अभियानमा समर्थन गरे ।

तत्कालीन प्रधानपञ्च रविचन्द्र भट्टराईले स्थानीयस्तरमा जनमत लिएको र मौलिक संरचना संरक्षण गर्ने पक्ष विजयी भएको प्रसङ्ग बन्दीपुरको पर्यटन विकासमा एउटा महत्वपूर्ण मोड बन्यो । संयुक्त राष्ट्रसंघ लगायतबाट प्राप्त सहयोगसमेत मौलिक वास्तुकला संरक्षण र भौतिक विकासमा उपयोग गरियो । यही संरक्षणमुखी सोचले बन्दीपुरलाई पुनः आकर्षक पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न ठूलो मद्दत गर्‍यो ।

**बजारभन्दा बाहिर पनि छ बन्दीपुर**

आज बन्दीपुर भन्नासाथ अधिकांशको आँखामा पुरानो बजार, टुँडिखेल र हिमालको दृश्य आउँछ। तर बन्दीपुरको वास्तविक पर्यटन सम्भावना बजारभन्दा धेरै बाहिर फैलिएको छ । रामकोट, मुकुन्देश्वरी, मुच्चोक, मुचुकुन्द गुफा, सन्तानेश्वर महादेव, पारकोट, पारकुना, चण्डीमन्दिर, पार्चेको मढीडाँडा, चेकित ऋषिको तपोभूमि, गोलडाँडा चौतारा, हुस्लाङको जितगढी, चन्द्रकोट, सराङघाट र सुकौराजस्ता ऐतिहासिक तथा धार्मिक स्थललाई एउटै पर्यटन सर्किटमा जोड्न सकिन्छ ।

यी क्षेत्रको व्यवस्थित पहिचान, संरक्षण र प्रचार गर्न सके बन्दीपुर आउने पर्यटकलाई बजार घुमाएर एकै दिन फर्काउने अवस्थाबाट माथि उठाउन सकिन्छ । पर्यटकलाई केही दिन बन्दीपुरमै बस्ने वातावरण बनाउन सकिए स्थानीय अर्थतन्त्रमा त्यसको प्रत्यक्ष प्रभाव पर्छ । बन्दीपुर वरपर सञ्चालनमा आएका होमस्टे, स्थानीय परिकार र बन्दीपुर सफारीले पनि यस अभियानलाई अघि बढाइरहेका छन्। गाउँ, संस्कृति, कृषि, खानपान र स्थानीय जीवनशैलीसँग पर्यटनलाई जोड्न सकिए बन्दीपुरको पर्यटन अझ दिगो बन्न सक्छ।

**बन्दीपुरको पहाडकी रानी पहिचान**

पृथ्वी राजमार्गले बन्दीपुरको यातायात पहुँच बढायो। वि.सं. २०६० सालदेखि सुरू भएको बन्दीपुर महोत्सवले पनि यहाँको पुरानो संरचना, प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदालाई देश–विदेशमा चिनाउन महत्वपूर्ण भूमिका खेल्यो ।

त्यसमा बन्दीपुर सामाजिक विकास संस्था, स्वदेशका विभिन्न शहरमा पुगेका बन्दीपुरे र अमेरिका, अस्ट्रेलिया, युरोपलगायतका देशमा पुगेका प्रवासी बन्दीपुरेको योगदान पनि बिर्सन मिल्दैन । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने भावनालाई आत्मसात् गर्दै आफ्नो जन्मभूमिको पहिचान स्थापित गर्न उनीहरूले गरेको प्रयास प्रशंसनीय छ ।

कुनै समय प्रशासनिक केन्द्र, व्यापारिक नगरी र सदरमुकाम रहेको बन्दीपुर सदरमुकाम दमौली सरेपछि सुनसान बनेको थियो। तर त्यही खण्डहर हुँदै गएको शहर आज फेरि पर्यटनको खानी बनेको छ । यो परिवर्तन आफैंमा एउटा महत्वपूर्ण विकास कथा हो।

त्यसैले 'पहाडकी रानी' बन्दीपुर केवल सुन्दर बजारको नाम होइन। यो इतिहास, संस्कृति, व्यापार, वास्तुकला, प्रकृति, कला र स्थानीय समुदायको सामूहिक योगदानबाट बनेको पहिचान हो। बन्दीपुरलाई चिनाउने राजा मणिमुकुन्द सेनदेखि बन्दे कामी, भक्तपुरे नेवार व्यापारी, स्थानीय संस्कृतिका संरक्षक, पर्यटन अभियन्ता, प्रवासी बन्दीपुरे र पछिल्लो पुस्ताका पर्यटनकर्मी सबै यस कथाका पात्र हुन् ।

अबको चुनौती बन्दीपुरलाई विगतको गौरवमा सीमित राख्नु होइन, त्यसलाई भविष्यसँग जोड्नु हो । पुराना सम्पदा जोगाउँदै नयाँ पूर्वाधार निर्माण गर्ने, बजारभन्दा बाहिरका ऐतिहासिक तथा धार्मिक स्थललाई पर्यटन सर्किटमा जोड्ने, स्थानीय उत्पादन र होमस्टेलाई प्रवर्द्धन गर्ने तथा बन्दीपुरको इतिहासलाई प्रमाणसहित अभिलेखीकरण गर्ने काम आवश्यक छ ।

बन्दीपुरले विगतमा मृत शहरबाट पुनर्जीवन पाएको छ । अब यसलाई अनियन्त्रित विकासका कारण मौलिकता गुमाउने जोखिमबाट जोगाउँदै दिगो पर्यटनको नमुना बनाउनुपर्छ । इतिहासलाई सम्मान, सम्पदालाई संरक्षण र भविष्यलाई दृष्टिगत गर्न सके 'पहाडकी रानी'को यो उपाधि केवल उपनाममा सीमित रहने छैन– बन्दीपुर नेपालको मौलिक, जीवन्त र दिगो पर्यटन गन्तव्यका रूपमा अझ उचाइमा पुग्नेछ ।



**मुस्ताङबाट पोखरातर्फ ल्याउँदै च्याङ्ग्राहरुः** चिसो हिमाली भेगमा पालिएका च्याङ्ग्राहरु अहिले पोखराको बजारतर्फ झर्न थालेका छन्। दसैं–तिहारजस्ता पर्वको समयमा मुस्ताङका च्याङ्ग्राको माग बढ्ने भएकाले व्यापारी तथा किसानहरु च्याङ्ग्रा लिएर पोखरा आउने गर्छन् । मुस्ताङको हिमाली जीवन, पशुपालन र स्थानीय अर्थतन्त्रसँग जोडिएको च्याङ्ग्रा यात्रा पोखराको बजारसम्म आइपुगेको छ । *तस्विर : निरज थकाली*

# राम्जाकोटमा आँखा परीक्षण .........

आवश्यकताअनुसार थप उपचार तथा स्वास्थ्यसम्बन्धी परामर्शसमेत प्रदान गरिएको थियो । आँखामा देखिने समस्या समयमै पहिचान गरी आवश्यक उपचारमा पहुँच पुर्‍याउने उद्देश्यले शिविर सञ्चालन गरिएको स्वास्थ्य शाखाले जनाएको छ ।

ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकले आँखासम्बन्धी समस्या भए पनि आर्थिक अवस्था, भौगोलिक दूरी तथा विशेषज्ञ सेवा सहज उपलब्ध नहुँदा उपचारमा ढिलाइ गर्ने गरेका छन् । स्थानीयस्तरमै सञ्चालन हुने यस्ता शिविरले आँखाको समस्या पहिचान गर्न र आवश्यक उपचारका लागि नागरिकलाई स्वास्थ्य संस्थासम्म जोड्न सहयोग पुग्ने स्वास्थ्यकर्मीको भनाइ छ ।

मोतियाबिन्दु विशेषगरी उमेर बढ्दै जाँदा देखिने आँखाको समस्या भए पनि समयमै पहिचान र शल्यक्रिया गर्न सके दृष्टि सुधार गर्न सकिने भएकाले नियमित आँखा परीक्षण आवश्यक मानिन्छ। शिविरमा मोतियाबिन्दु पहिचान भएका सेवाग्राहीलाई थप उपचारका लागि सम्बन्धित स्वास्थ्य संस्थामा पठाउने व्यवस्था गरिएको थियो ।

राम्जाकोट स्वास्थ्य चौकीले शिविरमा सहभागी भई सेवा लिने सबै लाभग्राहीलाई धन्यवाद दिएको छ। साथै, शिविर सञ्चालनमा सहयोग गर्ने ऋषिङ गाउँपालिका स्वास्थ्य शाखा, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका (एफसीएचभी) तथा अन्य सहयोगीप्रति स्वास्थ्य चौकीले आभार व्यक्त गरेको छ ।


## विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**कात्तिक ८ गते आइतबार**

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**कात्तिक १३ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**कात्तिक १४ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२



## व्यक्ति एउटै भएको सूचना



तनहुँ जिल्ला शुक्लागण्डकी नगरपालिका वडा नं. ७ निवासी भारतीय भू.पू. सैनिक नं. 5749694W, दर्जा नायक पल्टन ६/८ जि.आर. का **होम बहादुर थापा**को श्रीमती **सुत्री माया थापा**ले प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्म मिति वि.सं. २०१५/१२/२१ (ई.सं. १९५९/०४/०३) उल्लेख भएको र निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको जन्म मिति वि.सं. २०१९/०३/१७ (ई.सं. १९६२/०७/०१) उल्लेख भई जन्म मिति फरक फरक भएतापनि व्यक्ति एउटै भएको व्यहोरा निजको भारतीय पेन्सन प्रयोजनका लागि मात्र सिफारिस गरिन्छ ।

**जिल्ला प्रशासन कार्यालय,** तनहुँ ।



**बन्दीपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**

## बन्दीपुर अस्पताल

बन्दीपुर-४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

## Invitation for Bids

**First Date of Publication: 2083/06/20 (6th Oct, 2026)**

The **Bandipur Hospital**, Bandipur Rural Municipality-4, Tanahun, invites Open Competitive Bidding from eligible bidders for the following Works under **National Competitive Bidding (Single-Stage: Single-Envelope Bidding Procedure):**

| S. N. | Contract ID No. | Name of Project | Estimated Amount (Without VAT and Contingencies but Including PS) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 1. | BH/NCB/ WORKS/01/ 2083/084 | Remaining Construction and Maintenance Works at Bandipur Hospital | Rs.77,75,619/53 | 2,30,000/- (Validity: 120 days) | 3,000/- | 28th October, 2026, 17:00 Hrs | 29th October, 2026, 13:00 Hrs |

- Eligible Bidders may refer complete set of Bid Document for further information at office of **Bandipur Hospital**, Bandipur-4, Tanahun.
- **For further info:** 9846858745, 9856042062, 9856063331

**Medical Superintendent**

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असोज २० गते मंगलबार
October 06, 2026

# चुमनुब्रीका स्याउले बजार पुऱ्याउनै सकस

## उच्च हिमाली क्षेत्रमा बढ्यो स्याउ उत्पादन, सडक र पुल नहुँदा खच्चडमै निर्भर किसान; ढुवानीमै २५ प्रतिशतसम्म क्षति

**भञ्ज्याङ समाचारदाता/गोरखा**

उत्तरी गोरखाको हिमाली गाउँ चुमनुब्री यतिबेला स्याउले राताम्मे बनेको छ । बगैंचामा लटरम्म फलेका स्याउ टिप्ने समय सुरू भएसँगै किसान तथा व्यवसायी व्यस्त छन्। उत्पादन राम्रो भएपछि किसान उत्साहित भए पनि बजारसम्म उत्पादन पुऱ्याउने भरपर्दो सडक तथा ढुवानी व्यवस्था नहुँदा उनीहरूको चिन्ता भने उस्तै छ।

चुमनुब्री गाउँपालिका–४ नामरूङमा समुद्री सतहबाट करिब दुई हजार ६५० मिटर उचाइमा रहेको इन गोरखा प्रोडक्ट प्रालिको बगैंचामा गाला र गोल्डेन डेलिसियस जातका स्याउ टिप्न थालिएको छ । फर्म सञ्चालक लाक्पा डुण्डुप लामाका अनुसार यस वर्ष बगैंचाबाट करिब एक लाख किलो स्याउ उत्पादन हुने अनुमान गरिएको छ ।



फर्ममा गाला, गोल्डेन डेलिसियस र फुजी जातका गरी करिब १२ हजार पाँच सय बोट छन् । व्यावसायिक रूपमा स्याउ खेती विस्तार हुँदै गएपछि चुमनुब्रीमा उत्पादनको सम्भावना बढेको देखिए पनि बजारसम्म पुऱ्याउने पूर्वाधार कमजोर हुँदा उत्पादित स्याउले अपेक्षित मूल्य पाउन नसक्ने अवस्था रहेको लामाले बताए। "चुमनुब्रीको नामरूङमा उत्पादन राम्रो छ, तर ढुवानीको समस्या छ", लामाले भने, "यहाँ मोटरबाटो छैन । बर्खाले काठेपुलसमेत बगाएकाले अहिले खच्चड हिँडाउन पनि समस्या छ। स्याउ खेती गरेर राम्रो उत्पादन भए पनि ढुवानीको चरम समस्या छ ।"

नामरूङबाट उत्पादित स्याउ बजारसम्म पुऱ्याउन अहिले मुख्यतः खच्चडको भर पर्नुपर्ने अवस्था छ । हवाईमार्गबाट ढुवानी गर्दा लागत अत्यधिक बढ्ने भएकाले किसानका लागि आर्थिक रूपमा लाभदायक नहुने लामाको भनाइ छ। खच्चडबाट ढुवानी गर्दा समेत बाटोको कठिनाइका कारण करिब २० देखि २५ प्रतिशतसम्म स्याउ बाटोमै क्षति हुने गरेको उनले बताए ।

उत्पादनलाई बजारमा छुट्टै पहिचान दिलाउने उद्देश्यले लामाले आफ्नो स्याउलाई 'चुमनुब्री स्याउ' र 'गोरखा स्याउ' नामबाट बजारमा प्रवर्द्धन गर्दै आउनुभएको छ। स्थानीय उत्पादनको ब्रान्ड निर्माण गर्ने प्रयास भइरहे पनि बजारसम्म उत्पादन पुऱ्याउने आधारभूत पूर्वाधार कमजोर हुँदा व्यावसायिक विस्तारमा चुनौती थपिएको छ ।

### ल्होमा पनि बढ्दैछ व्यावसायिक खेती

चुमनुब्री–२ ल्होमा रहेको विशाल मनास्लु फर्म तथा लर्निङ सेन्टरमा समेत स्याउ टिप्ने सिजन सुरू भएको छ । करिब दुई हजार सात सय मिटर उचाइमा रहेको बगैंचामा गाला, फुजी र गोल्डेन डेलिसियस जातका स्याउ उत्पादन हुँदै आएका छन् ।

फर्म सञ्चालक छिरिङ धार्के लामाका अनुसार बगैंचामा करिब पाँच हजार स्याउका बोट छन्। चार वर्षदेखि व्यावसायिक उत्पादन सुरू भएको बगैंचामा गत वर्ष करिब छ हजार किलो स्याउ उत्पादन भएको थियो । यस वर्ष उत्पादन बढेर छदेखि सात हजार किलोसम्म पुग्ने अनुमान गरिएको उनले बताए ।

उच्च हिमाली क्षेत्रमा उत्पादन हुने चुमनुब्रीका स्याउ आकारमा केही साना भए पनि रातो, स्वादिलो र आकर्षक हुने लामाको भनाइ छ । हिमाली हावापानीमा उत्पादन हुने भएकाले स्थानीय स्याउको छुट्टै स्वाद र पहिचान बनाउन सकिने सम्भावना रहेको उनले बताए ।

### उत्पादन बढ्यो, बजारको बाटो खुलेन

चुमनुब्रीमा पछिल्ला वर्षहरूमा स्याउ खेतीप्रति किसान तथा स्थानीय व्यवसायीको आकर्षण बढ्दै गएको छ । नयाँ बगैंचा विस्तार हुनुका साथै पुराना बगैंचामा समेत उत्पादन बढ्दै गएको छ । तर उत्पादन बढाउने गतिसँगै बजारसम्म पुऱ्याउने पूर्वाधार विस्तार हुन नसक्दा किसानले उत्पादनको उचित लाभ लिन कठिनाइ भोगिरहेका छन् ।

अझ विडम्बना के छ भने भारत र चीनबाट आयात भएका स्याउ बजारमा सहजै पुगिसक्दा उत्तरी गोरखामै उत्पादन भएको स्याउ भने ढुवानीको समस्याले बजार खोज्दै हिँड्नुपर्ने अवस्था छ । स्थानीय उत्पादनलाई प्राथमिकता दिने नीति र कृषि उत्पादन बढाउने कार्यक्रम भइरहे पनि उत्पादनपछि बजारसम्म पुग्ने पूर्वाधार कमजोर रहेसम्म किसानको आम्दानी बढाउन कठिन हुने देखिन्छ ।

चुमनुब्रीमा सडक पहुँच नहुनु मात्र समस्या होइन, वर्षायाममा काठेपुल बग्नु र वैकल्पिक पदमार्गसमेत जोखिमपूर्ण बन्नुले ढुवानी झनै कठिन बनाएको छ। खच्चडबाट ढुवानी गर्दा हुने क्षति र हवाई ढुवानीको महँगो लागतले किसानको उत्पादन खर्च बढाइरहेको छ ।

त्यसैले चुमनुब्रीमा स्याउ उत्पादन बढाउने अभियानसँगै सडक, पुल, ढुवानी र बजार व्यवस्थापनलाई पनि प्राथमिकतामा राख्नुपर्ने स्थानीय किसानको माग छ। उत्पादनका लागि उपयुक्त हिमाली हावापानी र व्यावसायिक सम्भावना हुँदाहुँदै बजारसम्म पुग्ने बाटो नहुँदा किसानको मेहनत खेर जाने अवस्था अन्त्य गर्न पूर्वाधारमा लगानी आवश्यक देखिएको छ ।

चुमनुब्रीका बगैंचा अहिले राताम्मे छन्। किसानका हात स्याउ टिप्न व्यस्त छन् । तर उनीहरूको वास्तविक प्रश्न एउटै छ–बगैंचामा फलेको स्याउ बजारसम्म कसरी पुऱ्याउने? यही प्रश्नको जवाफ खोज्न सके मात्र चुमनुब्रीको स्याउ खेती किसानको आम्दानी र स्थानीय अर्थतन्त्रको भरपर्दो आधार बन्न सक्नेछ ।

# मध्यनेपालमा विषादीको मनपरीमाथि .....

विधि अपनाउन आग्रह गरेको छ। बालीमा लाग्ने रोग, किरा, झारपात तथा अन्य शत्रुजीव नियन्त्रणका लागि सुरक्षित र वातावरणमैत्री उपायलाई प्राथमिकता दिन भनिएको छ ।

### गलत प्रयोगले क्षति भए क्षतिपूर्ति

मध्यनेपाल नगरपालिकाले विषादीको गलत प्रयोगबाट अरू व्यक्ति वा पक्षलाई क्षति पुगेमा त्यसको जिम्मेवारी सम्बन्धित पक्षले नै लिनुपर्ने चेतावनी दिएको छ। विषादी प्रयोगका कारण मानिस, पशुपन्छी, मौरी, कृषि उत्पादन वा वातावरणमा क्षति पुगेमा कानुनी कारबाहीसँगै क्षतिपूर्ति समेत व्यहोर्नुपर्ने नगरपालिकाले जनाएको छ। यसले विषादी बिक्री गर्ने व्यवसायी तथा प्रयोग गर्ने किसान दुवैलाई आफ्नो जिम्मेवारीप्रति सचेत बनाउन खोजेको देखिन्छ। विशेषगरी दर्ता नभएका वा प्रतिबन्धित विषादी बजारमा कसरी पुगिरहेका छन् भन्ने विषयमा समेत अनुगमन आवश्यक देखिएको छ।

नगरपालिकाले सूचना जारी गरेर मात्र जिम्मेवारी पूरा नहुने भएकाले अब बजार अनुगमन, विषादी पसलको निरीक्षण, बिक्री अभिलेखको जाँच तथा खेतबारीमा प्रयोगको अवस्थासम्म निगरानी गर्नुपर्ने आवश्यकता देखिन्छ। किसानलाई सुरक्षित प्रयोगबारे व्यवहारिक जानकारी नदिई केवल कारबाहीको चेतावनीले मात्र समस्या समाधान नहुने भएकाले कृषि प्राविधिकमार्फत नियमित सचेतना र परामर्श पनि आवश्यक छ।

### वडा कार्यालयलाई पनि अनुगमनको जिम्मा

नगर प्रमुख रमेशकुमार पाण्डेद्वारा जारी सूचनामार्फत नगरपालिकाका सबै वडा कार्यालयलाई सूचना प्रचारप्रसारसँगै आवश्यक अनुगमन तथा निरीक्षण गर्न निर्देशन दिइएको छ। वडा तहसम्मै विषादीको प्रयोग र कारोबारको अवस्थाबारे निगरानी बढाउने नगरपालिकाको तयारी छ।

कृषि उत्पादन बढाउने नाममा रासायनिक विषादीको प्रयोग अनियन्त्रित हुँदै गए त्यसको असर किसानको स्वास्थ्य, उपभोक्ताको खाद्य सुरक्षा र कृषि प्रणालीको दीर्घकालीन स्थायित्वमा पर्न सक्छ। त्यसैले नगरपालिकाको चेतावनी कार्यान्वयनको मुख्य परीक्षा अब प्रतिबन्धित विषादीको बिक्री रोक्न, दर्ता नभएका विषादी बजारबाट हटाउन र असुरक्षित प्रयोगमाथि वास्तविक कारबाही गर्न सक्ने क्षमतामा हुनेछ ।

कानुनमा व्यवस्था भए पनि कार्यान्वयन कमजोर रहे विषादी नियन्त्रणको सूचना कागजमै सीमित हुने जोखिम रहन्छ । त्यसैले किसानलाई सुरक्षित विकल्प उपलब्ध गराउने, विषादी विक्रेतालाई नियमन गर्ने र नियम उल्लंघन गर्नेलाई कानुनअनुसार कारबाही गर्ने तीनवटै पक्षलाई एकसाथ अघि बढाउनुपर्ने देखिन्छ।

मध्यनेपाल नगरपालिकाले विषादी प्रयोगलाई केवल किसानको व्यक्तिगत निर्णय नभई मानव स्वास्थ्य, खाद्य सुरक्षा र वातावरणसँग जोडिएको सार्वजनिक सरोकारको विषयका रूपमा अघि सारेको छ । अब नगरपालिकाको चेतावनी व्यवहारमा कति प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भन्नेमा स्थानीय किसान, उपभोक्ता र कृषि व्यवसायीको चासो रहनेछ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com

## facebook twitter



**Muma Ram Khanal**
x.com/MumaRamKhanal

खुला समाजलाई खुला राख्न र उदार राजनीतिलाई अझ उन्नत बनाउन 'खुलामन्च'को इतिहास नेपालको राजनीतिमा गर्विलो छ । न त त्यो गाली गर्ने ठाउँ हो, न कुनै फेसबुकमा राजनीतिक कुण्ठा ओकल्ने ठाउँ हो ।

प्रधानमन्त्रीको पद, गरिमा र ओजलाई बालेन्द्र शाहले आफ्नै व्यक्तिगत 'फेसबुके तह'मा गिराएका छन् । खुलामन्चमा खुला विचार र खुला समाजको मन्थन हुन्छ । र, खुला समाजलाई चाहिने उदार राजनीतिको बहस, छलफल र निस्कर्षको थलो हो– खुलामन्च ।



**Nilamber Acharya**
x.com/nilacharya

जताततै पानी पानी छ, तर खाने पानी छैन ।
नदीहरूमा आएको बाढीको पानी यस्तै हुन्छ ।
जताततै राजनीति राजनीति छ, तर सरकारमा प्रभाव छैन ।
सामाजिक सञ्जालमा आएको राजनीतिक बाढी यस्तै छ ।
सत्तासीन पार्टी लगायत राजनीतिक पार्टीहरूको हुनुपर्ने भूमिका र प्रभाव कमजोर देखिदैछ ।

# अख्तियारमा १,३३७ उजुरी, १७७ फछ्र्यौट हुन बाँकी

**भञ्ज्याङ समाचारदाता/पोखरा**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पोखरा कार्यालयमा आर्थिक वर्ष २०८२/८३ मा भ्रष्टाचार तथा अनियमितता सम्बन्धी १ हजार ३ सय ३७ उजुरी परेका छन् । तीमध्ये १ हजार १६० उजुरी स्क्रिनिङ भई फछ्र्यौट भएका छन् भने १७७ उजुरी फछ्र्यौट हुन बाँकी रहेको आयोगले जनाएको छ । आयोगको पोखरा कार्यालयले गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टसमक्ष आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन पेस गर्दै उक्त तथ्यांक सार्वजनिक गरेको हो। कार्यालय प्रमुख नारायणप्रसाद सापकोटाले सोमबार नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम प्रदेश प्रमुखसमक्ष आयोगको ३६औं वार्षिक प्रतिवेदन पेस गर्नुभएको हो।

गत आर्थिक वर्षमा पोखरा कार्यालयमा १ हजार १५० नयाँ उजुरी दर्ता भएका थिए। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका १८७ उजुरी समेत जोड्दा कुल उजुरी संख्या १ हजार ३३७ पुगेको आयोगले जनाएको छ । उजुरीमध्ये प्रारम्भिक स्क्रिनिङको प्रक्रियाबाट १ हजार १६० वटा फछ्र्यौट गरिएका छन्। बाँकी १७७ उजुरी फछ्र्यौट हुन बाँकी छन्। त्यस्तै, विस्तृत अनुसन्धानतर्फ १११ उजुरी अनुसन्धानमा रहेका कार्यालय प्रमुख सापकोटाले जानकारी दिनुभयो।

गण्डकी प्रदेशअन्तर्गत आयोगको कार्यक्षेत्रमा रहेका १० जिल्लाका स्थानीय तहहरूमध्ये सबैभन्दा बढी उजुरी कास्की जिल्लाको पोखरा महानगरपालिकासँग सम्बन्धित रहेको आयोगले जनाएको छ। यसले प्रदेशको सबैभन्दा ठूलो स्थानीय तहमा सार्वजनिक सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कामकारबाहीसँग जोडिएका विषयमा उजुरीको चाप रहेको देखाएको छ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख भट्टले आर्थिक अनियमितता अन्त्य तथा भ्रष्टाचार नियन्त्रणको काम चुनौतीपूर्ण रहेको बताउनुभयो। सुशासन स्थापना, लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण र संस्थागत प्रणाली विकासका लागि अख्तियारको भूमिका महत्वपूर्ण रहेको उहाँको भनाइ थियो । भ्रष्टाचार मुलुकको विकासको प्रमुख बाधक भएको उल्लेख गर्दै प्रदेश प्रमुख भट्टले यसको नियन्त्रणका लागि सामान्य नागरिकदेखि राज्यको उच्च तहमा रहेका पदाधिकारीसम्मले आ´नो नैतिक आचरण सुधार गर्नुपर्नेमा जोड दिनुभयो। राज्य संयन्त्रको तल्लो तहदेखि माथिल्लो तहसम्म कार्यरत कर्मचारी तथा जिम्मेवार व्यक्तिमा नैतिक आचरण, इमानदारी र कामप्रतिको जवाफदेहिता आवश्यक रहेको उहाँले बताउनुभयो ।

कार्यालय प्रमुख सापकोटाले नेपालको संविधानले दिएको जिम्मेवारीअनुसार सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा प्राप्त उजुरीको प्रारम्भिक छानबिन तथा विस्तृत अनुसन्धान गर्ने काम आयोगले गरिरहेको जानकारी दिनुभयो । अनुसन्धानका क्रममा भ्रष्टाचार पुष्टि भएका उजुरीमा विशेष अदालतमा आरोपपत्र दायर गर्ने र विशेष अदालतको फैसलाप्रति चित्त नबुझेमा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने कार्यसमेत आयोगले गर्दै आएको उहाँले बताउनुभयो।

**विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त?**

- विज्ञापन कारोबार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनबमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

**विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४